# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. १४७/२०७३/०७४

निर्णय नं. ३०

जिल्ला अर्घाखाँची, सन्धिखर्क निवासी बसन्त श्रेष्ठ 'छापेली' ..........................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँची ..........................................१ विपक्षी
सूचना अधिकारी, सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँची ..........................................१

विषय :- **माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला अर्घाखाँची, सन्धिखर्क निवासी बसन्त श्रेष्ठ 'छापेली'ले सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँची समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०५।१६ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँचीको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँचीमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको विवरण ।
२. आ. ब. ०७२/७३ मा सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँचीको कर्मचारीहरुको तलव, सेवा सुविधामा खर्च भएको चौमासिक विवरणको लिखित जानकारी ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल भदौ २३ गते रोज ५ शुभम् ।